# ट्रेड यूनियन ऐन कस्तो आउँदै छ ?

● विष्णु रिमाल

गत भाद्र १३ गतेबाट लामो बहस र छलफल पछि संसदको तेश्रो अधिवेशन-०४९मा प्रस्तुत ट्रेड युनियनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको दफावार छलफल समाप्त भएको छ । सरकारले पेश गरेको मस्यौदाका अप्रजातान्त्रिक बुंदामाथि नेपाल ट्रेड यूनियन महासंघको तर्फबाट अध्यक्ष तथा संसद क.मुकुन्द न्यौपानेले लामो संशोधन पेश गर्नु भएको थियो भने उक्त संसोधनलाई सांसदहरू भरत मोहन अधिकारी, अमृत कुमार बोहरा, लालबाबु पण्डित, सलिम अन्सारी, विरोध खतिवडा, नारायण सिंह राजवंशी र लिलामणि पोखरेलले समर्थन गर्नु भएको थियो ।

## क. सरकारी मस्यौदा कस्तो थियो ?

सरकारी सम्यौदा मुल रुपमा निम्न अस्पष्टता र अप्रजातान्त्रिक धाराहरू थिए :

१) प्रतिष्ठानस्तरमा २५ प्रतिशत मजदुरहरूको समर्थनमा सम्पुर्ण विवरण सहित दर्ताको लागि दरखास्त पेश गरेपछि पनि पंजिकाधिकारीले "उपयुक्त देखेमा"मात्रै दर्ता गर्ने प्रावधान थियो ।

२) आधिकारिक ट्रेड यूनियनको मान्यताको लागि निर्वाचन व्यवस्था गरिएको थिएन ।

३) आधिकारिक ट्रेड युनियन (ट्रेड युनियन संघ) र महासंघको कुनै अधिकार थिएन ।

४) सरकारी कर्मचारी (पंजिकाधिकारी)लाई अनावश्यक रुपमा युनियनको आन्तरिक जीवनमा हस्तक्षेप गर्ने र नियन्त्रित गर्ने अधिकार दिइएको थियो ।

५) सरकारी निर्देशन र आदेश पालन नगरेमा र यूनियनले आफनो विधान मुताविक विधान संशोधन गरेमा समेत दर्ता खारेज गर्ने तानाशाही व्यवस्था थियो ।

**ख. सदन संघर्षले के गऱ्यो ?**

माथि उल्लेखित प्रमुख बुँदाहरू र संघ तथा महासंघको परिभाषामा समेत रहेको अस्पष्टतालाई समेत लिएर अध्यक्ष मुकुन्द न्यौपानेले संशोधन पेश गर्नु भयो । सम्बन्धित समितिमा ७ दिन लामो विवाद र छलफलपछि बल्ल बल्ल सरकार महासंघद्वारा प्रस्तुत गरिएका केही सुझावहरू स्वीकार्न बाध्य भयो । भाद्र १३ गते समाप्त भएको बहसपछि अब नेपालका ट्रेड यूनियनहरूको स्वरुप निम्न अनुसार हुने भयो :

**१. यूनियनको प्रकार**

यूनियनहरू तीन तहका हुनेछन् । सबैभन्दा प्रारम्भिक तहको यूनियनलाई ट्रेड यूनियन भनिनेछ । ट्रेड यूनियनको दर्ता विधि र अधिकार निम्न अनुसार हुनेछ :

अ) **ट्रेड यूनियन दर्ता** : प्रत्येक प्रतिष्ठानमा अब बढीमा ४ वटा मात्र ट्रेड यूनियन बन्न सक्नेछ । प्रतिष्ठानसँग भएका जम्मा मजदुर संख्याको एक चौथाई (पच्चिस प्रतिशत) मजदुरहरू सदस्य भएमा मात्र कुनै पनि यूनियन दर्ता गरिनेछ ।

यसरी दर्ता भएको यूनियन १ भन्दा बढी भएमा आधिकारिकताको लागि चुनाब हुनेछ । चुनावमा बहुमत प्राप्त गर्ने युनियनले २ वर्ष सामुहिक सौदावाजी गर्ने अधिकार पाउनेछ । तर, एकै समयमा एउटा व्यक्ति १ भन्दा बढी ट्रेड यूनियनको सदस्य बन्न पाउने छैन ।

आ) **ट्रेड यूनियन संघ** : राष्ट्रिय स्तरका ट्रेड युनियनहरूलाई अबदेखि ट्रेड यूनियन संघ भनिनेछ । एकै प्रकृतिका वा अलग अलग प्रकृतिका व्यवसायमा कार्यरत कम्तीमा ५० ट्रेड यूनियन वा ५, ००० मजदुरहरूले यस्तो ट्रेड युनियनसंघ बनाउन सक्नेछन् । केही गरी यो संख्यामा १०% सम्मले यूनियन छोडेमा पनि त्यस्ता युनियनहरूको दर्ता १वर्ष सम्म खारेज हुने छैन ।

इ) **ट्रेड यूनियन महासंघ** : १० वटा राष्ट्रिय ट्रेड यूनियनहरू (ट्रेड यूनियनसंघ) मिलेर ट्रेड यूनियन महासंघ गठन हुनेछ । ट्रेड यूनियन संघ र महासंघहरूको विभिन्न सवालमा सरकारसँग वार्ता गर्नुका अतिरिक्त मजदुरहरूका हक हित संरक्षण र सम्वर्धन गर्न अन्य उपायहरू गर्न सक्नेछन् ।

२. दफा (ग) मा रहेको सरकारको आदेश र निर्देशन पालना नगरेमा दर्ता खारेज गरिने प्रावधान हटाउन सरकार बाध्य भएको छ ।

**ग) स्वीकार नगरिएका सुझावहरू**

यद्यपी हाम्रो महासंघद्वारापेश गरिएका सुझाव र हाम्रो तर्फबाट भएको सदन संघर्षकै परिणाम स्वरुप यो ऐन यस हदसम्मको बनेको छ । यसका लागि खासगरी महासंघका अध्यक्षले विशेष मिहेनत गर्नु पनि पर्‍यो । तर, पनि केही महत्वपुर्ण सुझावहरू समावेश गराउन सकिएन र जस्तो कि महासंघ तथा ट्रेड यूनियन संघको अधिकारबारे स्पष्टसँग लेखिएका सुझावहरू(दवाव, नेपाल बन्द, आमहडताल आदि) प्रतिष्ठानमा कार्यरत मजदुरहरू ट्रेड यूनियन संघ वा महासंघमा निर्वाचित भएमा तलवी काजको माग, ट्रेड यूनियन संघ र महासंघले राष्ट्रिय स्तरमा सामुहिक सौदावाजी गर्न पाउनुपर्ने अधिकार र राष्ट्रिय स्तरको आधिकारिक मान्यता आदिलाई लिन सकिन्छ ।

श्रमिक खवर, वर्ष ३, अंक २, असोज २०४९